## दुतकार्य सहयोगी (सरसफाइकर्मी) सेवा करारमा सेवालिने सम्बन्धी सूचना

(दोश्रो पटक सुचना प्रकाशित मिति :२०७९/११/ ०१)

विज्ञापन नं.५/०७९/८०

| क्र.सं. | पद नाम | आवश्यक संख्या | कार्यक्षेत्र | पारिश्रमिक तथा सुविधा |
|---|---|---|---|---|
| १ | द्रुतकार्य सहयोगी (सरसफाइकर्मी) | ८ | नगरपालिका क्षेत्रभित्र | नेपाल सरकारले तोके वमोजिमको शुरु स्केल |

१. **शैक्षिक योग्यता र अनुभव (नमुना) :**

(१) दरखास्त आव्हान गरेको मितिमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको ।

(२) कुनै पनि संगठित संस्थामा कार्यालय सहयोगी वा सरसफाकर्मी भई कार्य गरेको । साथै साधारण लेखपढ गर्न जान्ने ।

(३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजायनपाएको ।

(४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

(५) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(६) नेपालीनागरिकता प्रमाणपत्र पाएको ।

२. **दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

३. **छनौटसम्बन्धि मापदण्ड:**

**१. शैक्षिक योग्यता (सूचनाअनुसारको न्यूनतम शैक्षिक योग्यताको आधारमा - १५ (पन्ध्र) अंक,**

१.१ साधारण लेखपढ गर्न जान्ने १० (दश) अक

१.२ ८ कक्षा उत्तीर्ण गरेको १२(बाह्र) अंक

१.३ SEEवा सो सरह उत्तीर्ण गरेको १५ (पन्ध्र) अंक

**२. कार्यानुभव:- २५ (पच्चीस) अंक**

२.१ एक बर्षसम्म सम्वन्धित क्षेत्रमा कार्यानुभव भएको:- १५ (दश) अंक

२.२ १ बर्षदेखि २ बर्षसम्म सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको- २०(पन्ध्र) अंक

२.३ २वर्षभन्दा बढी सम्बन्धित क्षेत्रमाकार्य अनुभव भएको:- २५ (पच्चीस) अंक

**३ उम्मेदवारको स्थायी ठेगाना सम्बन्धी:- २५(पच्चीस)अंक**

३.१ यस नगरपालिको स्थायी ठेगाना भएमा - २५(पच्चीस)अंक

३.२ भक्तपुरजिल्लाको स्थायी ठेगाना भएमा - १५(पन्ध्र) अंक

३.३ बागमतीप्रदेशको स्थायी ठेगानाभएमा - १० (दश)अंक ।

**४. समावेशिता-५(पाँच)अंक**

४.१ दलित, आदिवासीजनजाति, महिला: ५ अंक

४. **अन्तर्वार्ता सम्बन्धी व्यवस्था- ३० (तीस)अंक**

५. **विविध**

क. Short List मा उत्तीर्ण अक ४० हुनेछ ।

ख. Short List हुनेलाई मात्रअन्तर्वार्ता मा सहभागी गरिनेछ ।

ग. कार्यालय समय:- कार्यालयले तोके अनुसार हुनेछ ।

घ. सेवाअवधि: २०८० असार मसान्त सम्म हुनेछ ।

ङ. परीक्षा दस्तुर: रु. ५००।-

केशव सिलवाल
निर्देशक, महाशाखा प्रमुख
कानून तथा प्रशासन महाशाखा

मध्यपुर थिमि नगर कार्यपालिकाको कार्यालय
थिमि, भक्तपुर ।
बागमती प्रदेश नेपाल

**कार्य विवरण:**

**प्राविधिक कर्मचारीको पद नाम: द्रुत कार्य सहयोगी (सरसफाइकर्मी)**

**प्राविधिक कर्मचारीको नाम:**

**काम गर्नुपर्ने स्थान: मध्यपुर थिमि नगरपालिका क्षेत्रभित्र**

**सुपरिवेक्षक: सामुदायिक विकास शाखा।**

**प्रतिवेदन पेश गर्नुपर्ने अधिकारी: महाशाखा प्रमुख (कानून तथा प्रशासन)**

**कार्य विवरण:**

१. शाखाप्रमुखको समन्वय र टोली कमाण्डरको निर्देशनमा ड्युटी रोष्टर बमोजिम नगरपालिका क्षेत्र भित्रका सार्वजनिक स्थान, सडक पेटी,पानी बग्ने नाला पोखरी सफा गर्ने ।
२. आफूले जिम्मा लिएका सरसफाइ सम्बन्धी औजार तथा सामग्री सुरक्षित राख्ने तथाप्रयोग गर्ने ।
३. नियमित रुपमा सर्भिसिङ मर्मत सम्भार लगायतका कार्यहरू प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाट स्वीकृत लिइ गराउने ।
४. वडाले माग गरी कार्य गर्नु पर्दाको अवस्थामा वडाध्यक्षसँग समन्वय गरी कार्य गर्ने ।
५. नगरपालिकाक्षेत्रभित्र सञ्चालन गरिने जात्रा, चाडपर्व हुने स्थलको सरसफाइ गर्ने ।
६. सरसफाइको साथसाथै मर्मत सम्भारका कार्य गनुपर्ने देखिएमा तुरुन्त शाखा प्रमुखलाई जानकारी गराउने ।
७. स-साना म्यानुअली निर्माण तथा मर्मत गर्ने कार्यहरु प्राविधिक कर्मचारीको रेखदेख र निर्देशनमा गर्ने ।
८. कार्य सञ्चालनका क्रममा केही समस्या आइपरेमा तुरुन्त सामुदायिक विकास शाखा प्रमुखलाई जानकारी गराउने ।
९. कार्यालयले तोके बमोजिमकाअन्यकार्य गर्ने ।

केशव सिलवाल
निर्देशक,महाशाखा प्रमुख
कानून तथा प्रशासन महाशाखा